# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

# Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था)

च.नं.: ३८१/२०८१/०८२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
काठमाण्डौं ।

मिति : २०८१/१०/०७

**विषय : तेह्रौं वार्षिक साधारणसभाको निर्णय विवरण (माइन्यूट) सम्बन्धमा ।**

महोदय,

यस वितीय संस्थाको २०८१ पौष २८ गते (तदनुसार १२ जनवरी, २०२५) आइतवारका दिन महालक्ष्मी नगरपालिका वडा नं.- ८, लुभु, ललितपुर स्थित लुभु पार्टी प्यालेस एण्ड क्याटरिङ्ग सेण्टरमा सम्पन्न तेह्रौं वार्षिक साधारणसभाको निर्णय तथा कामकारबाहीको विवरण (माइन्यूट) यसै साथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

संलग्न
१.तेह्रौं वार्षिक साधारण सभाको निर्णय तथा कामकारबाहीको विवरण (माइन्यूट)– ६ पाना

भवदीय,

प्रमेश आचार्य
कम्पनी सचिव

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

## तेह्रौं वार्षिक साधारण सभाको निर्णय तथा कामकारबाहीको विवरण (माइन्यूट)

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड (प.लि.नं.१२९६/०६७/६८) को सञ्चालक समितिका अध्यक्ष श्री लेखनाथ खनियाको अध्यक्षतामा मिति २०८१ साल पौष २८ गते (तदनुसार १२ जनवरी २०२५) आइतवार विहान ११:१५ बजे देखि दिउँसो २:१० बजेसम्म लुभु पार्टी प्यालेस एण्ड क्याटरिङ्ग सेण्टरको सभाहल, महालक्ष्मी नगरपालिका वडा नं. ८, लुभु, ललितपुरमा सम्पन्न भएको तेह्रौं वार्षिक साधारण सभाका निर्णयहरु तथा अन्य कामकारवाही समेतको निर्णय पुस्तिका विवरण (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

१. **उपस्थिति :**

**क. सभामा उपस्थित सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री लेखनाथ खनिया | अध्यक्ष |
| २. | श्री बिन्दीया श्रेष्ठ प्रधान | सञ्चालक |
| ३. | श्री अनन्त कुमार श्रेष्ठ | सञ्चालक |
| ४. | श्री दधि राम पौड्याल | सञ्चालक |
| ५. | श्री शिव प्रसाद मिश्र | सञ्चालक |
| ६. | श्री कमल भण्डारी | सञ्चालक |
| ७. | श्री माधव प्रसाद भट्ट | स्वतन्त्र सञ्चालक |

**ख. सम्बन्धित निकायका प्रतिनिधिको उपस्थिति :**

१. श्री भिम प्रसाद पराजुली, पर्यवेक्षक – कम्पनी रजिष्ट्रारको कार्यालय (सहायक रजिष्ट्रार)
२. श्री सुमन भट्टराई, पर्यवेक्षक – कम्पनी रजिष्ट्रारको कार्यालय
३. श्री सबिन बुढाथोकी, मर्चेण्ट बैकिङ प्रमुख, कुमारी क्यापिटल लिमिटेड
४. श्री दिपेश खतिवडा, प्रोप्राइटर, खतिवडा दिपेश एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स

**ग. पदाधिकारीको उपस्थिति :**

१. श्री मोक्ष प्रसाद पंगेनी, प्रमुख कार्यकारी अधिकृत
२. श्री प्रमेश आचार्य, कम्पनी सचिव

**घ. शेयरधनीको उपस्थिति तथा प्रतिनिधित्व प्रतिशत :**

सभामा शेयरधनी स्वयं तथा प्रोक्सी मार्फत ५५.६८ प्रतिशत उपस्थिति रह्यो ।

| विवरण | कुल शेयरधनी संख्या | शेयरधनीले ग्रहण गरेको शेयर कित्ता | उपस्थिति | | जम्मा उपस्थिति | उपस्थित शेयरधनीले धारण गरेको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | स्वयम् | प्रोक्सी मार्फत | | | |
| संस्थापक शेयरधनी | २९४ | ७३,०५,६६४।२२ | ५२ | १३० | १८२ | ५७,५४,४६१ | ५५.६८ |
| सर्वसाधारण शेयरधनी | ३१,३३६ | ३१,३०,९९८।४० | १०० | - | १०० | ५६,५९२ | |
| **जम्मा** | **३१,६३०** | **१,०४,३६,६६२।६२** | **१५२** | **१३०** | **२८२** | **५८,११,०५३** | |

(संस्थापक समूह तर्फ स्वयम् उपस्थित ५२ जनाको २३,८४,३८४ कित्ता, प्रोक्सी मार्फत १३० जनाको ३३,७०,०७७ कित्ता तथा सर्वसाधारण समूह तर्फ स्वयम् उपस्थित १०० जनाको ५६,५९२ कित्ता )

**ङ. गणपुरक संख्या तथा सभाको बैधानिकता :**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१ पौष ५ गते बसेको २३०औं बैठकको निर्णयानुसार १३ औं बार्षिक साधारण सभाको सूचना मितिः २०८१ पौष ७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा र पुनः मिति २०८१ पौष २४ गते दोश्रो पटक आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरुलाई सभा बारे जानकारी गराइएको थियो । शेयरधनीहरुको सुविधाका लागि SMS मार्फत जानकारी सहित वार्षिक प्रतिवेदनको Link पठाइएको तथा Website मा प्रकाशन गरिएको थियो । त्यस्तै, QR Code लाई सूचनामा प्रकाशन गरी Scan को माध्यमबाट वार्षिक प्रतिवेदन प्राप्त गर्न सकिने व्यवस्था गरिएको तथा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण मिति २०८१ पौष ७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । कम्पनी ऐन, प्रचलित कानून तथा वित्तीय संस्थाको नियमावलीको नियम २३ बमोजिम सभा सञ्चालनको लागि गणपूरक संख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्ने ब्यवस्था रहेको छ । सो अनुरुप कुल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ५५.६८ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली अनुसार साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराइयो ।

**च. सभा अध्यक्षको आसन ग्रहण :**

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम कम्पनी सचिवको अनुरोधमा यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री लेखनाथ खनियाले सभा अध्यक्षको आसन ग्रहण गर्नु भयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालकहरु, आमन्त्रित व्यक्तिहरु तथा प्रमुख कार्यकारी अधिकृतलाई आसन ग्रहण गराइएको थियो । तत्पश्चात् यस वित्तीय संस्थाका कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, अन्य आमन्त्रित व्यक्तिहरु तथा कर्मचारीहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत सहितको अभिवादन गर्नु भयो ।

**२. छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०८१/८२ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु १,०४,३६,६६,३१६/७२ (अक्षरेपी एक अरब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र पैसा बहत्तर मात्र) को ०.९६२३५०५ प्रतिशतले हुन आउने रु. १,००,४३,७२८/०४ (अक्षरेपी एक करोड त्रिचालीस हजार सात सय अट्ठाइस र पैसा चार मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु १,०४,३६,६६,३१६/७२ ( अक्षरेपी एक अरब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र पैसा बहत्तर मात्र) को ६ प्रतिशतले हुने रकम रु ६,२६,१९,९७९।०० ( अक्षरेपी छ करोड छब्बिस लाख उन्नाइस हजार नौ सय उनासी मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने । बोनस शेयरलाई अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने । बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत कायम गर्ने ।

२. भविष्यमा अन्य लघुवित्त संस्थासँग मर्जर तथा प्राप्ति गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ति सम्बन्धी सम्फौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध प्रस्तावः**

**३. सभाको प्रारम्भ :**

मिति २०८१ साल पौष ५ गते बसेको सञ्चालक समितिको २३०औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम १३औं बार्षिक साधारण सभामा छलफलको लागि पूर्व निर्धारित विषयहरु अन्तर्गतका प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिवले जानकारी गराउनु भयो ।

**४. प्रतिवेदन प्रस्तुत :**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री लेखनाथ खनियाले १३औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी एवं आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथ सञ्चालक समितिको तर्फबाट आ.व.२०८०/०८१ को प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु आदि सहितको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**५. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु :**

सभामा प्रस्तुत भएका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनु हुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । सभामा उपस्थित शेयरधनीहरु क्रमशः १. श्री युगल नारायण बसेल, २. श्री गुडाखर सापकोटा, ३. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित मन्तव्य), र ४. श्री लक्ष्मीराज पौडेलले वित्तीय संस्थाको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तब्य एवं जिज्ञासा राख्नु भयो ।

**६. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :**

- चालु आर्थिक वर्ष भित्र छोटो अवधिमा २ वटा साधारण सभा सम्पन्न गर्नु तथा जटिल परिस्थितिमा समेत ६ प्रतिशत बोनस शेयर पाउनु सकारात्मक तथा खुशिको कुरा । साथै, गत वर्षको कर वापत नगद लाभांश प्रदान गरेकोमा धन्यवाद ।
- तुलनात्मक विश्लेषण गर्दा आ.व. २०८०/०८१ मा ऋण लगानी, ऋण सापटी, खुद ब्याज आम्दानी, वासलातको आकार, खुद नाफा र वचत परिचालन बढेको तथा ब्याज खर्च घटेको तुलनामा ब्याज आम्दानी कम घटेको छ । आगामी दिनमा कर्जा लगानीमा बृद्धि भए बमोजिम आम्दानी बढ्ने अपेक्षा गरेको । निष्कृय कर्जा केही घटेता पनि Task Force बनाएर ५ प्रतिशत भन्दा कम गराउन सुझाव ।
- शाखा कार्यालयको संख्या घट्दा समेत कर्मचारी खर्च बढेको देखिएकोले मितव्ययिता कायम गर्न सुझाव । अन्य खर्चमा मितव्ययिता अपनाउन सञ्चालकलाई सुझाव ।
- साधारण सभा दशै अगाडी गर्ने गरी आवश्यक तयारी गर्न तथा शेयरधनीहरुलाई साधारण सभामा कम्तिमा खाना खुवाउने व्यवस्था गर्न सुझाव ।
- अन्य लघुवित्तको तुलनामा यस संस्थाले बृद्धि तथा सूचकहरुमा सुधार गर्न सकेको देखिदैन । मर्जर पछिको Synergy Effect ल्याउनका लागि सञ्चालक तथा व्यवस्थापनलाई Grass Root सम्मको विश्लेषण, अध्ययन, अनुगमन गरेर जनशक्तिको सञ्चालन गर्न एवं आन्तरिक नीति, विधि र थितिमा भएको कमजोरी निराकरणका लागि प्रभावकारी कदम चाल्न सुझाव ।
- Chat Gpt बाट सुझाव लिएर संस्थाको प्रगती गर्ने उपाय खोजी गर्न तथा संस्थाका सम्पूर्ण कार्यालयका कर्मचारी तथा सञ्चालकले कार्यालय आइसके पछि हरेक दिन १५ मिनेट ध्यान गर्न सुझाव ।
- सञ्चालक समिति तथा उच्च व्यवस्थापनको समूह सक्षम तथा सबल देखिएता पनि तथ्याङ्कमा नतिजा नदेखिएकोले थप गम्भिर भएर लाग्न र अब ५ वटा मर्जरको कुरा नगरी सूर्योदय वोमीको नामले मात्रै अगाडी बढ्न सुझाव ।
- समग्र लघुवित्तको तुलनामा हाम्रो Rank तल घट्दै गइरहेको अवस्थामा कार्यक्रम गुणस्तरमा जोड दिन सुझाव ।
- बसाई सराइको कारणले पहाडमा व्यवसाय विस्तार असहज हुने देखिएकोले तराइमा केन्द्रीकृत गरौ ।
- कर्मचारीलाई सुखी भन्दा खुशी राख्नु जरुरी छ । संस्थाको दिगोपनाका लागि प्रति कर्मचारी उत्पादकत्वलाई लक्ष्यमा जोडेर रणनीति तय गर्न सुझाव ।

७. **शेयरधनी महानुभावहरुको सुझाव तथा जिज्ञासाको जवाफ :**

शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरुको सम्बन्धमा सभाका अध्यक्ष श्री लेखनाथ खनिया, सञ्चालकहरु श्री बिन्दीया श्रेष्ठ प्रधान र श्री अनन्तकुमार श्रेष्ठ तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री मोक्ष प्रसाद पंगेनीले जवाफ दिनुभयो । सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्राप्त भएका सम्पूर्ण सुझाव तथा जिज्ञासाहरु मननयोग्य भएको र आगामी दिनमा मुनाफाको निरन्तरता, उन्नती प्रगतिको लागि उर्जा मिलेको जानकारी गराउँदै प्राप्त सुझावहरुलाई यथासक्य सम्भव भएसम्म क्रमशः कार्यान्वयन गर्न सञ्चालक समिति एवं व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी सभामा व्यक्त गर्नुभयो । लघुवित्त क्षेत्रमा सहज कार्य गर्ने वातावरण अझै पनि भई नसकेको, कर्मचारी तथा कार्यालयमा भएको आक्रमणले दुःखी हुनु परेको परिस्थिति, स्थानीय सरकारमा थप भएको खर्च, आर्थिक शिथिलताको असर समेतका कारण आएको संकुचन लगायतका विविध परिस्थितिहरुले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकिएको जानकारी सभा समक्ष व्यक्त गर्नुभयो । शेयरधनीहरुलाई सर्वसाधारणमा शेयर निष्काशन गरेको समय देखि निरन्तर रुपमा लाभांश वितरण गर्दै आइरहेको यस संस्थाको चुक्ता पूँजी रु १ करोड २ लाखबाट १ अर्ब १० करोड भन्दा बढी पुर्‍याउन सफल भएको, नेपाल सरकारलाई राजश्वमा अधिकतम योगदान गरे वापत पटक पटक सम्मानित भएको, लघुवित्त विरुद्धको गतिविधिमा सजगताकासाथ कार्यक्रम सञ्चालन गरिरहेको, खर्च कटौतीका लागि शाखा मर्जर गर्ने रणनीति बनाएको, कर्मचारी उत्पादकत्वमा बढ्वा दिदै आएको, धितो सुरक्षण मार्फतको कर्जा लगानीमा प्राथमिकता राखेको, ग्राहक संरक्षण कार्यक्रमको आयामहरु बढाउने, समग्र लघुवित्त संस्थाहरु मध्ये चुक्ता पूँजीलाई आधार लिंदा यस संस्थाको अवस्था प्रतिस्पर्धी रहेको, संस्थागत क्षमताका लागि अतिरिक्त कर्जा नोक्सानी व्यवस्था कायम गर्ने रणनीति लिइएको, व्यवस्थापनका पदाधिकारीहरु समेत फिल्डमा परिचालित भई जोखिम न्यूनीकरणमा थप केन्द्रीत भएको, बजार अनुरुप वित्तीय श्रोत व्यवस्थापनमा चनाखो भई कार्यसम्पादन गरिएको, मर्जर पश्चात् संस्था सबलीकरणका लागि एक मन एक मतमा कार्य भइरहेको, भविष्यको लागि जगेडा कोष मजबुत गराउने नीति लिइने तथा देशको राजनैतिक, आर्थिक, सामाजिक परिस्थितिजन्य कारणहरुले समग्र बैकिङ्ग क्षेत्रले सामना गरिरहेको चुनौतीपूर्ण अवस्थामा सुधार हुँदै जाँदा आगामी दिनमा शेयरधनी महानुभावहरुबाट प्राप्त सल्लाह सुझावलाई मार्गदर्शनका रुपमा लिएर अगाडि बढ्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । साथै, शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभयो ।

८. **सभाबाट भएका निर्णयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, २०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुबाट सर्वसम्मतिले पारित गर्‍यो ।

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०८१/८२ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR लगायत Statutory Auditor ले गर्नुपर्ने सम्पूर्ण कार्यहरु) गर्न लेखापरीक्षण समितिबाट सिफारिस भएका तिन वटा प्रस्तावहरु मध्ये सभाले श्री खतिवडा दिपेश एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टसलाई नियुक्ती गर्ने तथा निजलाई लेखापरीक्षण गरे वापत मूल्य अभिबृद्धि कर सहित परिश्रमिक रु. ७,५०,०००।- (अक्षरेपी सात लाख पचास हजार मात्र) प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु १,०४,३६,६६,३१६/७२ (अक्षरेपी एक अरब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र पैसा बहत्तर मात्र) को ०.९६२३५०५ प्रतिशतले हुन आउने रु. १,००,४३,७२८/०४ (अक्षरेपी एक करोड त्रिचालीस हजार सात सय अट्ठाइस र पैसा चार मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

आर्थिक वर्ष २०८०/८१ सम्मको मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु १,०४,३६,६६,३१६/७२ (अक्षरेपी एक अर्ब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र पैसा बहत्तर मात्र) को ६ प्रतिशत बोनस शेयरको कर प्रयोजनका लागि नगद लाभांश रु ३२,९५,७८८/३७ (अक्षरेपी बत्तीस लाख पन्चानब्बे हजार सात सय अठासी र पैसा सैतिस मात्र) तथा आर्थिक वर्ष २०७९/०८० सम्मको मुनाफाबाट वितरण गरिएको बोनस शेयर रु १२,८२,१०,८५३/७२ (अक्षरेपी बाह्र करोड बयासी लाख दश हजार आठ सय त्रिपन्न र पैसा बहत्तर मात्र) को कर प्रयोजनका लागि आर्थिक वर्ष २०८०/८१ सम्मको मुनाफाबाट नगद लाभांश रु ६७,४७,९३९/६७ ( अक्षरेपी सतसट्ठी लाख सतचालिस हजार नौ सय उनन्चालिस र पैसा सतसट्ठी मात्र) गरी कुल नगद लाभांश रु १,००,४३,७२८/०४ (अक्षरेपी एक करोड त्रिचालीस हजार सात सय अट्ठाइस र पैसा चार मात्र) वितरण गर्न सभाले सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

**ख. विशेष प्रस्तावहरु :**

**१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु १,०४,३६,६६,३१६/७२ ( अक्षरेपी एक अरब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र पैसा बहत्तर मात्र) को ६ प्रतिशतले हुने रकम रु ६,२६,१९,९७९।०० ( अक्षरेपी छ करोड छब्बिस लाख उन्नाइस हजार नौ सय उनासी मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने । बोनस शेयरलाई अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने । बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत कायम गर्ने ।**

सभामा प्रस्तुत भएको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु १,०४,३६,६६,३१६/७२ ( अक्षरेपी एक अर्ब चार करोड छत्तिस लाख छैसट्ठी हजार तिन सय सोह्र र पैसा बहत्तर मात्र) को ६ प्रतिशतले हुने रकम रु ६,२६,१९,९७९।०० (अक्षरेपी छ करोड छब्बिस लाख उन्नाइस हजार नौ सय उनासी मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने विशेष प्रस्तावलाई सभाबाट सर्वसम्मतिले स्वीकृत गरी पारित गऱ्यो । बोनस शेयरलाई अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी तपसिल बमोजिम प्रबन्ध पत्रमा संशोधन गर्ने विशेष प्रस्तावलाई सभावाट सर्वसम्मतिले स्वीकृत गरी पारित गऱ्यो । साथै, बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत कायम गर्ने प्रस्तावलाई सभावाट सर्वसम्मतिले स्वीकृत गरी पारित गऱ्यो ।

**प्रबन्ध पत्र तर्फको संशोधन**

दफा ६ (क)

वित्तीय संस्थाको अधिकृत पूँजी रु १,३०,००,००,०००।- (अक्षरेपी एक अर्ब तीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- का दरका १,३०,००,००० (एक करोड तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ख)

वित्तीय संस्थाको जारी पूँजी रु १,१०,६२,८६,२९५।७२ (अक्षरेपी एक अर्ब दश करोड बैसट्ठी लाख छयासी हजार दुई सय पन्चानब्बे र पैसा बहत्तर मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- का दरका १,१०,६२,८६२.९६ (एक करोड दश लाख बैसट्ठी हजार आठ सय बैसट्ठी दशमलव नौ छ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६ (ग)

वित्तीय संस्थाको चुक्ता पूँजी रु १,१०,६२,८६,२९५।७२ ( अक्षरेपी एक अर्ब दश करोड बैसट्ठी लाख छयासी हजार दुई सय पन्चानब्बे र पैसा बहत्तर मात्र) हुनेछ ।

**२. भविष्यमा अन्य लघुवित्त संस्थासँग मर्जर तथा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ति सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सभामा प्रस्तुत भएको भविष्यमा अन्य लघुवित्त संस्थासँग मर्जर तथा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ती सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित भयो ।

**३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

सभामा प्रस्तुत भएको विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सभाबाट सर्वसम्मतिले पारित गऱ्यो ।

**ग. विविध प्रस्ताव:**

कुनै पनि प्रस्ताव पेश नभएको ।

**९. सभाको समापन :**

पूर्व निर्धारित विषय-सूचिहरु उपरको छलफल तथा प्रस्तुत प्रस्तावहरु पारित भएको र विविध अन्तर्गत छलफलको विषय नभएकोले सभाका अध्यक्ष श्री लेखनाथ खनियाले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, पदाधिकारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै तेह्रौं वार्षिक साधारण सभा दिउँसो २:१० बजे समापन भएको घोषणा गर्नुभयो ।

..............
प्रमेश आचार्य
कम्पनी सचिव

..............
लेखनाथ खनिया
अध्यक्ष

मिति : २०८१ साल पौष २८ गते, आइतवार ।